**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।**

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| क. | निकायको स्वरुप र प्रकृति: | कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी संचालित “घ” वर्गको लघुवित्त विकास बैंक । |
| ख. | निकायको काम, कर्तव्य र अधिकार: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ । |
| ग. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण: | हाल कार्यरत कर्मचारी संख्या ७८३ रहेको छ । बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । विभागिय प्रमुख तथा व्यवस्थापन समूहको नाम र पद बैंकको वेबसाईट: www.nirdhan.com.np मा हेर्न सकिन्छ । |
| घ. | निकायबाट प्रदान गरिने सेवा: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम “घ” वर्गका बैंकहरुले दिन सक्ने सेवाहरु । |
| ङ. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: | सेवा प्रदान गर्ने शाखाको सम्पर्क नम्बर यस बैंकको वेबसाईट: www.nirdhan.com.np मा उपलब्ध गरिएको छ । |
| च. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: | बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क, ब्याजदर तथा अवधि यस बैंकको वेबसाईट: www.nirdhan.com.np मा प्रकाशन गरिएको छ । |
| छ. | निर्णय गर्ने प्रक्रिया र अधिकारी: | बैंकबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले बैंकको आन्तरिक विनियमावलीको अधिनमा रही गर्न सक्ने व्यवस्था रहेको छ । नियमित संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ज. | निर्णय उपर उजुरी सुन्ने अधिकारी: | निर्णय उपर उजुरी सुन्ने अधिकारीको रुपमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति रहेको छ । |
| झ. | सम्पादन गरेको कामको विवरण: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम “घ” वर्गका बैंकहरुले गर्ने सेवाहरु सुचारु रुपले संचालन भईरहेको छ । |
| ञ. | सूचना अधिकारी र प्रमुखको नाम र पद: | बैंकको सूचना अधिकारी: श्री राम बहादुर चौधरी, मुख्य व्यवस्थापक र<br>बैंकको प्रमुख: श्री जनार्दन देव पन्त, प्रमुख कार्यकारी अधिकृत । |
| ट. | ऐन, नियम, विनियम र निर्देशिकाको सूची: | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकको सेवाहरु संचालनका लागि प्रमुख रुपमा रहेका छन् ।<br>१. बैंक तथा वित्तीय संस्था ऐन, २०७३ २. नेपाल राष्ट्र बैंक ऐन, २०५८<br>३. कम्पनी ऐन, २०६३ ४. बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४<br>५. धितोपत्र सम्बन्धी ऐन, २०६३ ६. करार ऐन, २०५६<br>७. आयकर ऐन, २०५८<br>८. उपरोक्त ऐन बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ।<br>९. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।<br>१०. बैकिङ्ग कारोबारको क्रममा पालना गर्नुपर्ने अन्य प्रचलित नेपाल कानुन । |
| ठ. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु: | यस बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको र बैंकको वेबसाईट: www.nirdhan.com.np मा समेत विवरण राखिएको छ । |

**सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको बिवरण देहाय बमोजिमको रहेको छ:**

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| क. | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण: | यस बैंकले लघुवित्त सेवा सम्बन्धी कार्य गर्दै आएको र कुनै विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन । |
| ख. | सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण: | बैंकको वेबसाईट: www.nirdhan.com.np रहेको छ । |
| ग. | सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण: | यस बैंकको वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भई बैंकको वेबसाईट समेतमा प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरण त्रैमासिक रुपमा विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाईटमा राखिएको छ । |


**निर्धन उत्थान बैंक लिमिटेड**

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, “निर्धन भवन” भगवतीबहाल नक्साल, काठमाण्डौ

फोन नं: ९७७-१-४४१३७११,४४१३८४०, फ्याक्स: ९७७-१-४४१३८५६, Email: info@nirdhan.com.np


(सूचना प्रकाशन: **मिति २०७४।०७।३० गतेको "आर्थिक राष्ट्रिय दैनिक पत्रिका"**)